आज मिति २०७८ चैत्र ०६ गतेका दिन टीकापुर नगरपालिकाका प्रमुख श्री तपेन्द्र बहादुर रावलज्यूको अध्यक्षतामा बसेको टीकापुर नगर कार्यपालिकाको ८६ औं बैठकको उपस्थिति देहाय बमोजिम रह्यो ।

| क्र.सं | पद | नाम , थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री तपेन्द्र बहादुर रावल | |
| २ | नगर उप-प्रमुख | श्री केशरी बिष्ट रावल | |
| ३ | सदस्य | श्री गंगाराम आचार्य | |
| ४ | सदस्य | श्री प्रकाश बहादुर बुढाथोकी | |
| ५ | सदस्य | श्री रामसेवक महतो | |
| ६ | सदस्य | श्री लालबिर चौधरी | |
| ७ | सदस्य | श्री रामशंकर ड.थारु | |
| ८ | सदस्य | श्री बलिराम चौधरी | |
| ९ | सदस्य | श्री रामलाल ड.थारु | |
| १० | सदस्य | श्री दिर्घ बहादुर ठकुल्ला | |
| ११ | सदस्य | श्री लौटन चौधरी | |
| १२ | सदस्य | श्री रमेश वि.क | |
| १३ | सदस्य | श्री अक्कल बहादुर माझी | |
| १४ | सदस्य | श्री डम्वर बहादुर राजी | |
| १५ | सदस्य | श्री सीता देवी चौधरी | |
| १६ | सदस्य | श्री शोभा नगार्जी | |
| १७ | सदस्य | श्री उपमा देवी के.सी | |
| १८ | सदस्य | श्री शान्ती देवी ड.थारु | |
| १९ | सदस्य | श्री सन्जा देवी ओड | सन्जा |
| | | | |
| १ | सचिव | प्रमुख प्रशासकीय अधिकृत, श्री दमन सिंह चौधरी | |

# ८६ औ कार्यपालिकाको बैठकको निर्णय

## (मिति २०७८/१२/०६)

**निर्णय नं. १ :-** यस नगरपालिकाको दशौ नगर सभा वैठक यस अघि तोकिएको मितिमा विविध कारणवश हुन नसकि स्थगित गरिएकोमा यहि मिति २०७८ चैत्र १३ गते वैठक वस्ने साथै नगर सभाको वैठकमा तपसिल वमोजिमको विषय सूची रहने ।

**तपसिल :**

<u>विषय सूची :</u>

१. आ.व.०७८/०७९ का लागि स्वीकृत वजेट,योजना तथा कार्यक्रम संशोधन सम्वन्धमा ।
२. विद्येयक सम्वन्धमा ।
३. प्रतिवेदन सम्वन्धमा ( आ.व. ०७६/०७७ को म.ले.प. प्रतिवेदन र आ.व.०७७/७८ को जिन्सी निरीक्षण प्रतिवेदन सम्वन्धमा) ।
४.विविध सम्वन्धमा ।

**निर्णय नं. २ :-** यस नगरपालिकाको नगर स्तरिय शिक्षा समितिको मिति २०७८/१२/०५ गतेको वैठकको निर्णयवाट सिफारिस भए वमोजिम यस नगरपालिकाको "हाम्रो टीकापुर" नामक कक्षा १ देखि ५ को स्थानीय पाठ्यक्रममा तपसिलका विषयगत क्षेत्र समावेश गरी स्विकृत गर्ने ।

**तपसिल :**

| क्र.स | विषयगत क्षेत्र |
|---|---|
| १ | स्थानीय भौगोलिक स्थिति |
| २ | स्थानीय प्राकृतिक सम्पदाको पहिचान र संरक्षण |
| ३ | स्थानीय संस्कृतिको पहिचान र संरक्षण |
| ४ | स्थानीय पेशा, व्यवसाय तथा आर्थिक क्रियाकलाप |
| ५ | हामी र हाम्रो विद्यालय |
| ६ | हाम्रो स्वास्थ्य र विपत व्यवस्थापन |
| ७ | स्थानीय व्यक्तित्व र सामाजिक संस्थाहरु |

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ३ :- यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका विद्यालयहरु मध्ये कक्षा तथा तह थपको लागि अनुमति माग गरेका तपसिल वमोजिमका विद्यालयहरुलाई शैक्षिक सत्र २०७९ बाट कक्षा तथा तह थप गरि सञ्चालनको अनुमति प्रदान गर्ने ।

तपसिल :

| क्र.स. | विद्यालयको नाम | थप गरिने | कैफियत |
|---|---|---|---|
| १ | त्रिपथ विद्या निकेतन टीकापुर, १ | कक्षा ७ | |
| २ | रिपब्लपिक एकेडेमी टीकापुर १ | कक्षा ८ | |
| ३ | कर्णाली रा प्रा वि तोलिगाँउ टीकापुर ८ | कक्षा ४ | |
| ४ | एभरेष्ट स्कुल टीकापुर १ | कक्षा ३ | |
| ५ | ज्योति आ वि शिवनगर टीकापुर १ | कक्षा ४ | |
| ६ | मल्लिका विद्यापीठ गुरुकुल टीकापुर १ | कक्षा २ | |
| ७ | एस भि निकेतन टीकापुर १ | कक्षा ३ | |
| ८ | हर्ष शिक्षा निकेतन झुगाँ टीकापुर ९ | कक्षा २ | |
| ९ | कैलाशेश्वर वेद विद्याश्रम टीकापुर १ कैलाली | कक्षा ७ | |
| १० | सिद्धि विनायक इ बो टीकापुर ४ | कक्षा ६ | |

निर्णय नं.४:-टीकापुर नगरपालिका क्षेत्र अन्तर्गत रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासी सँग सम्वन्धित विषयमा नगर प्रमुखको अध्यक्षतामा मिति २०७८/१२/०३ गते बसेको बैठकको निर्णय अनुमोदन गर्ने र भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीको लगत संकलन सम्वन्धी कार्यविधि, २०७८ वमोजिम आवश्यक कार्य अगाडि वढाउने ।

निर्णय नं.५ :- जिल्ला समन्वय समिति कैलालीको कार्यालयको प.सं.०७८/०७९, च.नं.२०७, मिति २०७८/११/११ गतेको प्राप्त पत्र अनुसार जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ को दफा ३ वमोजिम गठित कार्यक्रम व्यवस्थापन समितिको मिति २०७८/११/१० गतेको बैठकको निर्णय अनुसार स्वीकृत भएका तपसिल वमोजिमको आयोजना तथा कार्यक्रमहरुमा यस नगरपालिकाको चालु आ.व. ०७८/०७९ का लागि स्वीकृत वजेट तथा कार्यक्रम अन्तर्गत समपुरक कोष शिर्षकमा विनियोजित वजेटवाट देहाय वमोजिम लागत साझेदारी व्यहोर्ने ।

तपसिल :

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

| क.सं. | स्वीकृत भएका योजनाको विवरण | स्वीकृत बजेट (जि.स.स. ६० प्रतिशत) | लागत साझेदारी (न.पा.४० प्रतिशत) | जम्मा लागत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | टीकापुर पोलिटेक्निकल ईन्स्टिच्युटको प्रयोगशालाको अधुरो भवन निर्माण, टीकापुर वडा नं. ५ | १५,००,००० | १०००००० | २५,००,००० | जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ को दफा ८ बमोजिम |
| २ | वडा कार्यालय भवनको पहिलो तला थप निर्माण, वडा नं. ६ | २०,००,००० | १३,३३,३३३.३३ | ३३,३३,३३३.३३ | |
| ३ | श्री कर्णाली मा.वि. गार्ड हाउस निर्माण, टीकापुर न.पा. वडा नं. १ | ५००००० | ३,३३,३३३.३३ | ८,३३,३३३.३३ | |
| | **जम्मा** | ४०,००,००० | २६,६६,६६६.६६ | ६६,६६,६६६.६६ | |

**निर्णय नं.६ :** नेपाल सरकार, स्वास्थ्य जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको प.स. ०७८/०७९, च.नं.८८८, मिति २०७८/१२/०६ गतेको समुदाय स्तरमा औलो परिक्षण कार्यक्रम संचालन सम्वन्धमा प्राप्त पत्र अनुसार , समुदाय स्तरमा शंकास्पद औलो विरामीको परिक्षणको लागि सामुदायिक औलो स्वास्थ्यकर्मीहरु (Village Malaria Workers) को नियुक्ती तथा परिचालन सम्वन्धी कार्यविधि, २०७८ को आधारमा देहाय बमोजिम जनशक्ति व्यवस्थापन गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

तपसिल :

पद : प्रयोगशाला सहायक तह : सहायक स्तर चौथो संख्या : २

सेवा तथा शर्त सुविधा सम्वन्धी : सम्वन्धित तोकिएको कार्यविधि बमोजिम हुने

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

**निर्णय नं. ७ :** यस नगरपालिका अन्तर्गत रहेका गाउँघर क्लिनिक/गर्भपतन सेवा संचालनका लागि आवश्यक औषधी तथा उपकरण खरिदका लागि आ.व. ०७८/०७९ का लागि आकस्मिक भैपरि आउने चालु शिर्षकवाट तपसिल वमोजिमको रकम विनियोजन गर्ने ।

**तपसिल :**

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | औषधि खरिद (गाउँ घर क्लिनिक संचालनका लागि) | ७०,०००। | (कार्यपालिकाको कार्यालयको मिति २०७८/१०/२५ को टिप्पणी) |

**निर्णय नं ८ :** यस नगरपालिकामा कोभिड खोप अभियानमा खटिएका नगर स्तरिय सुपरिवेक्षक र स्वास्थ्य संस्था स्तरिय सुपरिवेक्षकको सुपरिवेक्षण तथा अनुगमन को खर्च /भत्ता उपलब्ध गराउने सम्वन्धमा सशर्त अनुदानवाट प्राप्त रकम अपुग हुन जाने भएको हुँदा स्वास्थ्य कार्यालय कैलालीको प.स. ०७८/०७९, च.नं. १०० , मिति २०७८/०५/०४ को पत्रमा उल्लेख गरिए वमोजिमको मापदण्ड बमोजिम हुने गरी यस नगरपालिकाको चालु आ.व. ०७८/०७९ का लागि समानिकरण शिर्षक अन्तर्गत कोरोना भाईरस ( कोभिड-१९) संक्रमण रोकथाम तथा व्यवस्थापन शिर्षकवाट खर्च उपलब्ध गराउने ।

**निर्णय नं. ९ :-** यस नगरपालिकाको चालु आ.व.२०७८/०७९ का लागि स्वीकृत नमुना विद्यालय विशेष क्रमागत भवन निर्माण कार्यक्रम अन्तर्गत क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्नती भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान शीर्षकमा व्ययभार रहने गरी कर्णाली मा.वि.टीकापुर-०१ को भौतिक पुर्वाधार निर्माणका लागि (ठेक्का नं. NCB/6/BUILD/2078/079) ठेक्का गरिएको र उक्त ठेक्कावाट वचत हुन आएको तपसिल वमोजिमको रकमवाट सोहि विद्यालयको गुरुयोजना अन्तरगत रहेको प्रयोगशाला भवनको वाकि रहेको कार्य अगाडि बढाउने ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

तपसिल:

| सी.न | विवरण | कुल बिनियोजित रकम | सम्झौता रकम | बाकी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | कर्णाली मा. वि. टीकापुर न.पा.-०१ को भौतिक पूर्वाधार निर्माण | १००००००००।०० | ६१०९३३७।२८ | ३८९०६६२।७२ | ठेक्का नं. NCB/6/BUILD/2078/079 ठेकदार कम्पनि,श्री जय प्रभु निर्माण सेवा, |

निर्णय नं. १० :- अविरल वर्षाका कारण खाल्डाखुल्डि भई आवत जावतमा कठिनाई भएकोमा अनुगमनका क्रममा तत्काल व्यवस्थापन गर्न आवश्यक भई निर्माण /संचालन गरिएको तपसिल वमोजिमको सडक मर्मत सम्वन्धी निर्णय अनुमोदन गरियो ।

तपसिल :

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १ पुरानो आर.एम. ई स्कूलको उत्तर तर्फको वाटो र मालपोत कार्यालय अगाडिको जाने सडक मर्मत | ९८४३४।३८ | कार्यपालिकाको कार्यालयको मिति २०७८/०६/१३ गतेको निर्णय (मर्मत सम्भार कोष) |

निर्णय नं.११ :- क) साहित्य, कला र संस्कृति संरक्षणका लागि विविध कार्यक्रम संचालन व्यवस्थापनका लागि विभिन्न संघ/संस्था हरुवाट निवेदन पेश भएको साथै कतिपय संघसंस्थाहरुले कार्यक्रम संचालन व्यवस्थापन गर्दा दायित्व सिर्जना हुन गएकोमा भुक्तानीका लागि अनुरोध भै आएकोमा चालु आ.व. ०७८/०७९ का लागि साहित्य, कला र संस्कृति संरक्षण कार्यक्रम शिर्षकमा विनियोजित वजेटवाट तपसिल वमोजिम रकम उपलव्ध गराउने ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

तपसिल :

| क्र.सं. | कार्यक्रमको नाम | सम्बन्धित आयोजक व्यक्ति/संघ/संस्था | विनियोजित वजेट | कैफियत |
|---|---|---|---|---|
| १ | होली, पुतला र न्याउला खेल | सांस्कृतिक समाज, टीकापुर कैलाली | १,५०,००० | |
| २ | महा शिवरात्री पर्व, २०७८ | महाशिवरात्री मेला व्यवस्थापन समिति, टी.न.पा. ९, खक्रौला | २०,००० | |
| ३ | महा शिवरात्री पर्व, २०७८ | शिव शक्ति एकता समाज, टी.न.पा. १ | १५,००० | |
| ४ | कलाकार सम्मान तथा सांस्कृतिक कार्यक्रम | सुदुरपश्चिम स्रष्टा मञ्च, टीकापुर कैलाली | १५,००० | |
| ५ | जालवा देवी सेवा समिति, टीकापुर कैलालीको पन्चे वाजा खरिद | जालवा देवी सेवा समिति, टीकापुर कैलाली | १,००,००० | |
| ६ | नारी दिवश, २०७८ | टोल विकास एकता समाज | २०,००० | |
| ६ | हरि दर्शन मन्दिरमा नन्दीको मूर्ति स्थापना वडा नं.२, टीकापुर | वडा नं.२, टीकापुर | ९६३२९१६ | विद्युत्तीकरण, टायल,नन्दिको मूर्ति |
| | हरि दर्शन मन्दिरमा शिवलिंग खरिदका लागि अपुग रकम | | ६०,००० | एक लाख रुपैया मिति २०७८/०६/२५ को निर्णयबाट भैपरि पूंजिगत शिर्षकबाट विनियोजन गरिएको |
| | | | | |

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

ख) यस नगरपालिका भित्र पर्यटकीय र सांस्कृतिक दृष्टिकोणले महत्व बोकेको पदम प्रकाशेश्वर महादेव मन्दिर संरक्षणको व्यवस्थापनका लागि चालु आ.व. ०७८/०७९ का लागि नगर भित्रका पर्यटकीय र सांस्कृतिक महत्वका क्षेत्र संरक्षण र प्रवर्द्धन शिर्षकमा विनियोजित बजेटबाट तपसिल बमोजिम रकम उपलब्ध गराउने ।

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम | सम्बन्धित आयोजक व्यक्ति/संघ/संस्था | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | मन्दिर व्यवस्थापन | पदम प्रकाशेश्वर महादेव मन्दिर संरक्षण समिति, ७ सत्ती | १,५०,०००। | |

**निर्णय नं.१२ :-** यस नगरपालिकाको चालु आ.व. ०७८/०७९ का लागि विपद् व्यवस्थापन कोषमा विनियोजित बजेटबाट तपसिल बमोजिमको आयोजना/कार्यक्रम संचालन गर्ने ।

**तपसिल :**

| क्र.सं. | कार्यक्रमको नाम | सम्बन्धित संघ/संस्था | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं. ७ स्थित सुरक्षित भवन (उच्च भवन) मा खानेपानी व्यवस्थथापन तथा मर्मत सम्भार | सामुदायिक विपद् व्यवस्थापन कोष | ५०,००० | विपद् व्यवस्थापन कोष |

**निर्णय नं. १३ :-**टीकापुर नगरपालिका को पूर्वि सिमानामा पर्ने कर्णाली नदीले वर्षेनी बहाव परिवर्तन गरी वडा नं.५ शाहिपुर क्षेत्रमा करिब ६०० मिटरको मुहान बनाई बस्तीमा प्रवेश गरेको र वडा नं. ८ अन्तर्गत हुलाकी सडक खण्डको सूर्यपुर देखि कर्णाली नदी सम्मको कारिब ५०० मिटर सडक खण्ड पूर्ण क्षती हुनुका साथै यस क्षेत्रका किसानहरुको करिब २ हजार हेक्टर जमिन धानबालीमा पूर्ण रुपमा नष्ट भएको र खेतीयोग्य जमिनमा समेत क्षती हुन पुगेको र समयमानै दीर्घकालिन रुपमा नदि नियन्त्रण तथा व्यवस्थापन गर्न ढिलाई भएमा वडा नं. ५, ६, ७ र ८ का बस्तीहरु पूर्ण रुपमा विस्थापित हुन सक्ने सम्भावना भएको र त्यस सम्बन्धमा दीर्घकालिन समाधान तथा व्यवस्थापनका लागि बाढी प्रभावित संघर्ष समितिको तर्फबाट ज्ञापन पत्र प्राप्त भएको सन्दर्भमा दीर्घकालिन रुपमा समस्या समाधानका लागि राजनितिक दल, नगरपालिकाका जनप्रतिनिधी र स्थानीय बाढी प्रभावित संघर्ष समितिका पदाधिकारी सहितको टोली प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिहदरबार जानका लागि यस नगरपालिकाको

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

चालु आ.व. ०७८/०७९ का लागि विविध शिर्षकमा विनियोजित वजेटवाट ६ जनाका लागि वढिमा ७ दिन वरावरको दैनिक भ्रमण भत्ता खर्च व्यहोर्ने ।

**निर्णय नं. १४:-** टीकापुर नगरपालिका अन्तर्गत वडा नं.१,२,४,६,९ का कार्यालयहरुमा खानेपानी फिल्टर जडान गरे वापतको खर्च रकम आकस्मिक तथा भैपरि चालु शिर्षकवाट भुक्तानी गर्ने ।

**निर्णय नं. १५ :-** यस नगरपालिकाको ८२ औ कार्यपालिका वैठकको नि.नं.१ वमोजिम राजश्व संकलनमा खटिएका कर्मचारीहरुलाइ अतिरिक्त सुविधा/खाजा खाना वापत रकम उपलव्ध गराउने ।

**निर्णय नं. १६ :-** यस नगरपालिकावाट सम्पादन गरिने कार्यलाई थप व्यवस्थित रुपले संचालन तथा व्यवस्थापन गर्नका लागि तपसिल वमोजिमको कार्यविधि स्वीकृत गर्ने ।

**तपसिल :**

१.टीकापुर नगरपालिका, विपद् पोर्टलमा स्थानीय तहवाट तथ्याकं तथा सूचना व्यवस्थापन कार्यविधि, २०७८

२ टीकापुर नगरपालिका,एम्वुलेन्स तथा शव वाहन संचालन कार्यविधि, २०७८

३. टीकापुर नगरपालिका,स्थानीय आपत्कालिन कार्य संचालन केन्द संचालन कार्यविधि, २०७८

४. टीकापुर नगरपालिका,जनता सँग मेयर उपमेयर कार्यक्रम संचालन कार्यविधि, २०७८

५. टीकापुर नगरपालिका ,सुरक्षित आप्रवासन सम्वन्धी कार्यविधि, २०७८

**निर्णय नं. १७ :-** अष्ट्रेलियन एड र द एसीयाा फाउन्डेशन को आर्थिक तथा सि.ई.ओ (Community Engagement and Outreach Pvt.ltd) को प्राविधिक सहयोगमा टीकापुर नगरपालिकाले निर्माण गरेको तथ्याकंमा आधारित नगर सूचना प्रणाली (MIS) अद्यावधिक गर्नका लागि कमिटेड नेपालको सहयोगमा यस नगरपालिकामा नगर पार्श्वचित्र सम्वन्धी कार्य सम्पन्न भई हस्तान्तरण भएकोमा हाल अद्यावधिक गर्नुपर्ने भएको र अद्यावधिक कार्यका लागि (Community Engagement and Outreach Pvt.ltd) वाट २ लाख रकम उपलव्ध भएकोमा हाल वडा नं. १ को करिव २० प्रतिशत मात्र कार्य सम्पन भएकोमा वाकि कार्य सम्पन्नका लागि रकम अपुग भएको हुँदा तथ्याकं अद्यावधिक कार्यक्रमका लागि रु. ३,५०,०००। विनियोजन चालु आ.व.०७८/०७९ का लागि भैपरि चालु शिर्षकवाट खर्च उल्लेख गर्ने ।

**निर्णय नं. १८ :-**यस नगरपालिकामा खेलकुद क्षेत्रको सम्वर्द्धन, प्रवर्द्धन तथा विकास सम्वन्धमा विविध कार्यक्रमहरु हुँदै आएको र विभिन्न व्यक्ति/संघ/संस्थावाट खेलकुद सँग सम्वन्धित कार्यक्रम संचालन तथा व्यवस्थापन गर्नका लागि आवश्यक वजेटको व्यवस्थाका लागि निवेदन पेश भएको सन्दर्भमा चालु आ.व. ०७८/०७९ का लागि यस नगरपालिकाको स्वीकृत वजेट तथा कार्यक्रम अन्तरगत मेयर तथा उपमेयर कप लगायत अन्य खेलकुद कार्यक्रम शिर्षकमा विनियोजित वजेटवाट तपसिल वमोजिमका कार्यक्रम संचालन व्यवस्थापनका लागि रकम उपलव्ध गराउने ।

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

| क्र.सं. | कार्यक्रमको नाम | सम्वन्धित आयोजक व्यक्ति/संघ/संस्था | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | राष्ट्रव्यापी खुला पुरुष भलिवल प्रतियोगिता तथा वृहत जनचेतना मुलक सांस्कृतिक कार्यक्रम | सिर्जनसिल युवा समाज नेपाल, टीकापुर-कैलाली | ३,००,००० | |
| २ | नगर स्तरिय खुल्ला व्याटमिन्टन प्रतियोगिता | वासुली युवा समाज नेपाल, टीकापुर-कैलाली | ३,००,००० | |

**निर्णय नं. १९ :-** राष्ट्रिय परिचयपत्र शिविर कार्यक्रम अन्तर्गत तोकिएको अवधि भित्र यस टीकापुर नगरपालिका क्षेत्र भित्रका व्यक्तिहरु परिचय पत्र फाराम भर्न छुट भएको सन्दर्भमा छुट भएका व्यक्तिहरुको फाराम भर्नका लागि आवश्यक जनशक्ति र कार्यालय कार्य कक्ष भाडामा लिने सम्वन्धमा यस नगरपालिकाको कार्यपालिकाको वैठक नं. ८० को निर्णय नं. ७ र बैठक नं. ८३ को नि.नं. ११ बाट गरी जम्मा तीन महिनाको रकम उपलब्ध गराउने निर्णय भएकोमा ईलाका प्रशासन कार्यालयको प.सं.२०७८/०७९, च.नं.७००१, मिति २०७८/११/३० को पत्रवाट थप १ महिनाको समेत गरी (यस अघि समेतको गरी जम्मा ४ महिना) को कोठा भाडा र जनशक्तिको रकम चालु आ.व. ०७८/०७९ मा भैपरि चालु शिर्षकवाट उपलब्ध गराउने ।

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल